# स्थानीय राजपत्र

**सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ३, सैनामैना नगरपालिका, २५ पौष २०७६, संख्या ७ (अतिरिक्ताङ्क)**


**भाग–२**

**सैनामैना नगरपालिका, रूपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सैनामैना नगर कार्यपालिकाबाट स्वीकृत नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सैनामैना नगरपालिकाको शिक्षा (दोश्रो संशोधन) नियमावली, २०७६

सैनामैना नगरपालिकाको शिक्षा नियममावली २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस नियमावलीको नाम **"सैनामैना नगरपालिकाको शिक्षा (दोश्रो संशोधन) नियमावली २०७६"** रहेको छ ।



Scanned with CamScanner

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **सैनामैना नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम २५ (थ)** पछि देहाय (द) थप गरिएको छ ।

(द) विद्यालयको लेखा परीक्षण गराउन लेखा परीक्षक तोक्ने ।

३. **मूल नियमावलीको नियम २६ को उपनियम (१) (क) को** सट्टा देहायको उपनियम (१) (क) राखिएको छ ।

(क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरु मध्ये शिक्षक बाहेकका सदस्यहरुबाट आफूहरुले छानेको एक जना सदस्य अध्यक्ष हुनेछ ।

४. **मूल नियमावलीको नियम ३४ को उपनियम (१)** को सट्टा देहायको उपनियम (१) कायम गरिएको छ ।

| | |
|---|---|
| (क) शिक्षा समितिको अध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) नगरभित्र रहेका प्रहरी कार्यालय प्रमुख दुई जना | सदस्य |
| (घ) सामूदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट अध्यक्षले तोकेको दुई जना | सदस्य |
| (ङ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट अध्यक्षले तोकेको दुई जना | सदस्य |
| (च) शिक्षा शाखा प्रमुख | सदस्य |
| (छ) शिक्षा अधिकृत | सदस्य सचिव |

आज्ञाले

**टेकराज पन्थी**

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner